**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः ५, बैशाख २८ गते, २०८२ साल**

व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्वास्थ्य बिमा संयोजन समिति सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।१।२४

**प्रस्तावना :** स्वास्थ्य बिमा नियमावली, २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ४१ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कायपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका स्वास्थ्य बिमा संयोजन समिति सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि व्यास नगरपालिका भित्र लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले स्वास्थ्य बिमा बोर्ड नियमावली, २०७५ को नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले स्वास्थ्य बिमा बोर्ड नियमावली, २०७५ सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "संयोजन समिति" भन्नाले स्वास्थ्य बिमा बोर्ड नियमावली, २०७५ को नियम २६ बमोजिम व्यास नगरपालिकाले गठन गरेको स्वास्थ्य बिमा संयोजन समिति सम्झनुपर्छ ।

(छ) "बोर्ड" भन्नाले स्वास्थ्य बिमा बोर्ड सम्झनुपर्छ ।

## परिच्छेद २
## <u>समिति गठन</u>

३. **<u>संयोजन समिति गठन</u> :** नियम २६ बमोजिम नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रम संयोजन गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहनेछ :

(क) संयोजक -प्रमुख,

(ख) सदस्य -प्रमुखले मनोनित गरेको बढी जनसंख्या भएको वडाका वडा अध्यक्ष,

(ग) सदस्य -प्रमुखले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक स्वास्थ्य संस्था प्रमुख,

(घ) सदस्य -प्रमुखले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक महिला स्वयंसेविका सहित दुई जना,

(ङ) सदस्य -स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख -सदस्य,

(च) सदस्य -दर्ता अधिकारी स्वास्थ्य बिमा बोर्ड,

(छ) सदस्य सचिव -प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत ।

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नुपर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामान्यतया तीन दिन अघि दिनुपर्नेछ तर कुनै खास विषयमा चौबीस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम नगरपालिकामा हुनेछ ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u> :** संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्द्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) नगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बिमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आबद्ध गर्ने,

(ग) अति गरिब परिवारलाई कार्यक्रममा आवद्ध गर्न नगरपालिका र बोर्ड बीच समझदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने,

(च) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गराउने,

(छ) बिमाबाट प्रदान गरिने औषधिहरु नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा सञ्चालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तरता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बिमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरु ।

५. **बजेट** : स्वास्थ्य बिमा संयाजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था नगरपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

६. **कार्यविधिमा संशोधन** : व्यास नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

७. **बाधा अड्काउ फुकाउने अधिकार** : यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा नगरपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
काशीराम गैरे
प्रमुख प्रशासकीय अधिकृत